बैठक संख्या: ८६ (पुन: बैठक)

मिति: २०८०।१०।०३

समय: दिनको ८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

मिति २०८० माघ १ गते स्थगित भएको ८६ औं कार्यपालिका बैठक खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा आज मिति २०८०।१०।०३ सोमबारका दिन बिहान ८:०० बजे देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु सर्वसम्मत पारित गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री डिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | जगत प्रसाद भुसाल | |

**बैठकमा उपस्थित कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| २ | कम्प्युटर अपरेटर | छत्र बहादुर खड्का | |

## निर्णयहरु

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गतका वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालय बीच विगतमा समन्वय, सञ्चार र सहयोगमा भएका विषयमा समीक्षा गरियो ।

**निर्णय नं. २**

१ नं. वडा कार्यालयबाट पेश भएका २० बुँदे मागको सम्बन्धमा छलफल गरी आगामी दिनमा सहमति, सहकार्य र समन्वयमा कार्य सम्पादन गर्ने साथै १३ औं गाउँ सभामा बजेट विनियोजन नभएका योजनाहरुको सम्बन्धमा राखिएका माग आगामी गाउँ सभामा पेश गर्ने साथै १ नं. वडा कार्यालयका जनप्रतिनिधीहरुबाट प्रवाह गर्नु पर्ने सबै सेवाहरु तत्काल सुचारु गर्ने ।

**निर्णय नं. ३**

गाउँसभाको १३ औं अधिवेशनबाट स्वीकृत भई उपभोक्ता समिति र लाभग्राही समुदायबाट सञ्चालन हुने वार्षिक आयोजनाहरु २०८० माघ १५ गते भित्र योजना सम्झौताको कार्य सम्पन्न गर्ने ।

**निर्णय नं. ४**

ङिमदोर्जी शेर्पा पर्यटन सडकको सुर्केदेखि चौंरीखर्कसम्मको सडक खण्डको ट्र्याक ओपन गर्न कोशी प्रदेश सरकारबाट रु ३० लाख बजेट विनियोजन भएको र उक्त सडक निर्माणका लागि गाउँपालिकाबाट बोलपत्र आह्वान गरी निर्माण व्यवसायीसँग सम्झौता भई सकेको हुँदा उक्त बजेटबाट सुर्केमा निर्माण भएको सडक स्तरोन्नति गरिदिन पूर्वाधार विकास कार्यालय ओखलढुङ्गालाई अनुरोध गर्ने ।

**निर्णय नं. ५**

यस गाउँपालिकाको गाउँ सभाको १४ औं अधिवेशन २०८० माघ २२ गते सोमबारका दिन बिहान १०:०० बजेका लागि आह्वान गर्ने ।

**निर्णय नं. ६**

लाभग्राही समुदाय मार्फत कार्यान्वयन हुने योजनाहरु मिति २०८० माघ १५ भित्र कार्यान्वयन हुन नसकेमा वडा समितिबाट निर्णय गरी रकमान्तरका लागि पेश गर्ने ।योजना सम्बद्ध कार्यालयबाट गरिने खरिदको लागि माघ १५ गते भित्र खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिने ।

**निर्णय नं. ७**

स्कटिच फायर एण्ड रेस्क्यु संस्था स्कटल्याण्डबाट प्राप्त भएका विपद व्यवस्थापनका सामाग्रीहरु गाउँपालिकाले जिम्मा लिई एभरेष्ट फायर एण्ड रेस्क्युको लोगो अङ्कित गरी पालिका स्तरीय विपद व्यवस्थापन समितिले स्थानीय माग र आवश्यकताको आधारमा हस्तान्तरण गर्ने ।

**निर्णय नं. ८**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालनमा रहेको स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) पोर्टलमा यस खुम्बु पासाङल्हामु गाउँपालिकाबाट आ.व. २०७९/०८० मा सम्पादित कार्यहरुका तथ्याङ्कहरुलाई आधार मानी स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन कार्यविधिको दफा ४ (घ) बमोजिम यस गाउँपालिकाले देहाय अनुसारका विषय सूचकहरुको स्व:मूल्याङ्कन गर्दा देहाय अनुसारको प्रारम्भिक नतिजा स्वरुप १०० पूर्णाङ्कमा ८९.५० अङ्क प्राप्त गरेको विवरण यस बैठकमा पेश भएको हुँदा उक्त प्रारम्भिक नतिजा उपर सूचकगत रुपमा छलफल हुँदा यथार्थ अंकभार देखिएकाले आ.व. २०७९/८० को लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिको दफा ४ (झ) र (ञ) बमोजिम तपशिलको अन्तिम नतिजा अनुमोदन तथा प्रकाशन गर्ने ।

**आर्थिक वर्ष २०७९।०८० मा यस गाउँपालिकाले प्राप्त गरेको अङ्क**

| क्र.सं. | विषय सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ |
| २ | संगठन तथा प्रशासन | ८ | ८ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १० |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ९ |
| ५ | सेवा प्रवाह | १६ | १५.७५ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | १३ |
| ८ | सामाजिक समावेशीकरण | १० | ६ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ९ |
| १० | सहकार्य र समन्वय | ६ | २.७५ |
| जम्मा | अंकमा | १०० | ८९.५० |
| | अक्षरमा | एक सय | उनानब्बे दशमलव पाँच शुन्य |